का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ पुस २०७९,
बिहीबार
29 December 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१३ । पृष्ठ १६ … a National Daily www.madhyanhadaily.com




# नजिकिँदै ओली–नेपाल

**एमालेभित्रैबाट ओली र नेपालको सम्बन्ध सुधार गरेर एकता गर्नुपर्ने आवाज उठिरहेको छ । तर, नेताद्वयले आत्मालोचना गरेर लचिलो नबन्दासम्म सहजै एकताकै सम्भावना भने न्यून छ ।**



अब फुटेर भन्दा जुटेर जाने कुरामा अध्यक्ष ओली पनि तयार हुनुहुन्छ, हामी हिजो पार्टी छाडेका सबैलाई तितामिठा बिर्सिएर मिलेर जाऊँ भनिरहेका छौँ । ओली र माधव नेपाल पनि यस विषयमा वार्ताका लागि तयार हुनुहुन्छ ।

■ **महेश बस्नेत**
नेता, एमाले

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल नजिकिन थालेका छन् । एमाले र माओवादी मिलेर बनेको नेकपाको आन्तरिक विवाददेखि ओली र नेपालबीच दुरी बढ्न थालेको थियो । बढ्दो दुरीका कारण सर्वोच्च अदालतले नेकपा एकता भंग गरिदिएपछि छुट्टिएका एमालेमा पनि दुई नेता सँगै बस्न सकेनन् । पार्टी फुटाउन सहयोग गरेकाले १४ सांसदलाई कारबाही गरेर माधव नेपाललाई पार्टी बनाउन नदिन खोजेका ओली चुनावपछि माधव नेपालसँग संवादका लागि तयार भएका छन् । चुनावमा थ्रेस होल्ड कटाएर राष्ट्रिय पार्टी बनाउन नसकेपछि नेपाल पनि पुन: वाम ध्रुविकरणमा जोड दिन थालेका छन् ।

मूलत: २०७७ सालमा ओलीले संसद विघटन गरेपछि माधव नेपाल पक्षधर नेताले ओलीको कार्यशैलीको विरोध मात्रै गरेनन् २०७८ भदौ ९ गते पार्टी नै विभाजित भयो । माओवादी केन्द्रसँग एकता गरेर करिब दुई तिहाई नजिक मत पाएको नेकपा अनि एमाले विभाजित भएपछि ओली नेतृत्वमा रहेको सरकार सत्ताबाट बाहिरिनुपर्यो । सातवटै प्रदेशमा रहेका सरकार समेत गुमेपछि नेताकार्यकर्तामा आक्रोश समेत पैदा भयो । तर, माओवादी केन्द्रका अध्यष प्रचण्डले एमालेको समर्थनमा सरकार गठन गरेपछि भने नेताद्वयबीचको सम्बन्ध सुधार्ने तयारी भएको छ ।

नवनियुक्त अर्थमन्त्री विष्णु पौडेलले नेपालसँग भेटवार्ता गरेर ओलीको सन्देश सुनाईरहेका छन् भने प्रधानमन्त्री प्रचण्ड पनि सरकारमा सहभागी हुन अध्यक्ष नेपाललाई अपिल गरिरहेका छन् । करिब २ वर्षजतिको संवादहीनता तोडेर बामएकता गर्नुपर्ने पक्षमा दुवै नेता देखिएका छन् । 'अब फुटेर भन्दा जुटेर जाने कुरामा अध्यक्ष ओली पनि तयार हुनुहुन्छ, हामी हिजो पार्टी छाडेका सबैलाई तितामिठा बिर्सिएर मिलेर जाऊँ भनिरहेका छौँ, माधव कमरेडको प्रतिक्रिया पनि सकारात्मक छ, सम्भवत: उहाँहरु पनि यो विषयमा वार्ताका लागि तयार हुनुहुन्छ' अध्यक्ष नेपालसँगको भेटपछि एमाले नेता महेश बस्नेतले भने । उनले वामएकताका लागि ओली र नेपाल सकारात्मक भएको बताउन थालेका छन् ।

उनीमात्रै होईन, नेता नेपाल पनि ओलीले आत्मसमीक्षा गरे एकता गर्ने पक्षमा देखिएको एक पदाधिकारीले जानकारी दिए ।

'अध्यक्ष पनि एकताका लागि सकारात्मक हुनुहुन्छ तर, उताबाट सकारात्मक प्रस्ताव आउनुपर्यो सत्ताका लागि भन्दापनि विचारबाट निर्देशित हुनुपर्यो' उनले भने । साथै उनले एमालेमात्रै नभएर पुरै वामपन्थी शक्ति एक भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । समाजवादीबाट मुकुन्द न्यौपाने, झलनाथ खनाल, बेदुराम भुसाल, जगन्नाथ खतिवडा र रामकुमारी झाँक्री लगायतका नेताहरू पार्टी एकताको प्रस्तावका लागि गृहकार्यमा लाग्न जोड गरिरहेका छन् । एमालेभित्रबाट पनि ओली र नेपालको सम्बन्ध सुधार गरेर एकता गर्नुपर्ने आवाज उठिरहेका छन् । तर, नेताद्वयले आत्मालोचना गरेर लचिलो नबन्दासम्म सहजै एकता हुने सम्भावना भने न्यून छ ।

# सर्तसहित राप्रपा सरकारमा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सर्तसहित सरकारमा सहभागी हुने भएको छ । सरकारमा जान राप्रपाले राखेको 'सार्वजनिक पद धारण गरेकाहरुको सम्पति छानविन गर्ने सर्त' सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रको चुनावी एजेण्डासँग समेत मिल्दछ । यसबाहेक राप्रपाले न्युनतम साझा कार्यक्रममा सहमति र पृथ्वी जयन्तीमा सार्वजनिक बिदा दिने व्यवस्थाको माग राखेको छ ।



"सरकारमा जान राप्रपाले राखेको "सार्वजनिक पद धारण गरेकाहरुको सम्पति छानविन गर्ने सर्त" सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रको चुनावी एजेण्डासँग समेत मिल्दछ ।"

यी माग र सत पुरा गरे सरकारमा जाने राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको बुधबार बसेको बैठकको निर्णय छ । अर्थात, यी माग पुरा गर्न अन्य सत्ता साझेदार दलहरुलाई अप्ठ्यारो छैन् । सरकार किन जाने भन्ने प्रश्नको जवाफका लागि केही सर्तहरु राप्रपाले देखाएको हो ।

बरु यसका अलावा मन्त्रिपरिषद्बाट हुने विवादित निर्णय पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिनको दायरमा ल्याउनुपर्ने लगायतका सर्त सरकारसँग राख्ने निर्णय भएको छ । यसै वर्षबाट कृषि मल कारखाना सुरु गर्नुपर्ने लगायत विषय सम्बोधन गर्नु पनि आफूहरुको कुरा रहेको राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए ।

संघीय संसद्मा राप्रपाको १४ सिट रहेको छ । राप्रपाले पुष्पकमल दाहाल 'प्रचण्ड'नेतृत्वको वर्तमान सरकारलाई समर्थन गरेको छ । तर अहिलेसम्म सरकारमा सहभागी भइसकेको छैन । राप्रपाका अधिकांश नेताहरू सरकारमा सहभागी हुन तयार भएपछि केन्द्रीय कार्यसम्पादन समितिको बैठकले केही सर्तहरु राखेर सरकारमा जाने निर्णय गरेको हो ।

सर्तसहित सरकारमा जाने निर्णय गर्नु भन्दा अघिल्लो दिन राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले बाराको सिमरा पुगेर पूर्वराजा ज्ञानेन्द्र शाहलाई समेत भेटेका थिए । अध्यक्ष लिङ्देनले ज्ञानेन्द्रसँग भएको भेट बाहिर ल्याउन चाहेका थिएनन् । तर पार्टीकै बैठकमा नेताहरुले प्रश्न उठाएपछि यो विषय बाहिरिएको हो । पार्टी बैठकमा नेताहरुले प्रश्न गरेपछि उनले भेट भएको स्वीकार गरे । तर, विस्तृत केही अझै नखुलाएको नेताहरु बताउँछन् ।


सरकारमा जान तयार हुँदा पनि प्रचण्ड सरकारलाई हेर्ने सन्दर्भमा राप्रपामा दुई धार रहेको बताइन्छ । वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले प्रचण्डलाई 'पेण्डुलम'को संज्ञा दिँदै आएका छन् ।अहिले पनि उनले प्रचण्डबारे आफ्नो दृष्टिकोण कायमै रहेको उनको भनाइ छ ।

मिश्रले नै मंगलबार फेसबुकमा सरकारमा जान पुस २७ लाई राष्ट्रिय एकता दिवस घोषणा गर्नुपर्नेसहितका ३ वटा शर्त राख्नुपर्ने धारणा सार्वजनिक गरेका थिए । बुधबार कार्यसम्पादन समितिका बहुसंख्यक सदस्यले भने सरकारमा जानुपर्ने बताएपछि उनको समेत सर्त समेटेर सरकारमा जाने निर्णय भएको हो ।

प्रचण्डको नेतृत्वमा आठ सदस्यीय मन्त्रिमण्डल गठन गर्दा राप्रपा सहभागी भएको छैन तर पार्टीभित्र सरकारमा जानुपर्ने आवाज बलियोरुपमा उठेपछि राप्रपाले न्युनतम साझा कार्यक्रममा आफ्ना सर्तहरु पूरा गर्ने प्रतिबद्धता ठूला सत्ता साझेदार दलबाट गराएर सत्तारोहण यात्रा तय गर्न लागेको हो ।

**वैदेशिक रोजगार विशेष**

# दिल्लीमा बसेर युरोपेली देशको ठगी धन्दा







**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ पुस

भारतको राजधानी नयाँ दिल्लीमा बसेर युरोपेली देशमा वैदेशिक रोजगारीका नाममा युवाहरुलाई ठगी गर्ने गरिएको पाइएको छ । दिल्लीमा बसेर एक गिरोहले युरोपेली मुलुक स्पेनमा आकर्षक तलबसहितको रोजगारीमा पठाइदिने प्रलोभन दिएपछि स्याङ्जामा मानव तस्करीको जालो नै फैलाइएको र त्यस जालोमा केही युवाहरु परेको पाइएको हो ।

पर्वत घर भई नयाँ दिल्ली बसेर मानव तस्करी धन्दामा सन्दीप शर्मा र प्रताप केसी नाम बताउने टिके दर्जी लगायतका व्यक्तिहरु सक्रिय भएको बताइएको छ । राहदानी नम्बर ०७३५५९५४ भएका उनले स्पेनमा रोजगारी दिलाउने भन्दै थुप्रै युवाहरुबाट रकम असुलेर अलपत्र पारेको पीडितहरुले बताएका छन् ।

ठगिएपछि भारतीय प्रहरीको शरणमा गएका युवाहरुले आफूहरुलाई स्पेनको प्रतिष्ठित होटलमा मासिक दुई लाख रुपैयाँसम्म कमा हुने गरी काम लगाइदिने भनेर प्रतिव्यक्ति ११ लाखका दरले असुल गरेको बताएका छन् ।

दर्जीले भिसा प्रोसेसका लागि भन्दै विभिन्न डकुमेन्टसहित जनही ११ लाख असुलेर युवाहरुलाई दिल्लीमा बोलाई अलपत्र पारेर सम्पर्कविहीन भएको

– बाँकी पृष्ठ २ मा

## गृहमन्त्री लामिछानेद्वारा राहदानी विभागको निरीक्षण

**काठमाडौं/मस–** उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले राहदानी विभागको निरीक्षण गरेका छन् । राहदानीको अभावमा बेरोजगार युवायुवतीले लामो प्रयास र लाखौंको लगानीपछि विदेशमा पाउन थालेको रोजगारी गुम्ने अवस्था उत्पन्न भएको र सरकारप्रति आक्रोस उत्पन्न भएका बेला नवनियुक्त उपप्रधान एवम् गृहमन्त्री लामिछाने बुधबार दिउँसो त्रिपुरेश्वरस्थित राहदानी विभाग पुगेका हुन् ।

गृहमन्त्री लामिछानेले विभागका महानिर्देशक सुरेन्द्र यादवसँग त्यहाँको अवस्थाबारे जानकारी लिएका थिए । सरकारले गत पुस एक गतेदेखि यसअघिको मेशिन रिडेबल पासपोर्ट (एमआरपी) विस्थापित गरेर विद्युतीय राहदानी (ई-पासपोर्ट) कार्यान्वयनमा ल्याएको छ । विभागले शुरुका १० दिन परीक्षणको रुपमा हेरेर त्यसपछि प्राविधिक

– बाँकी पृष्ठ २ मा

# सत्ता भागबन्डामा

## रास्वपा, जनमत र नाउपा

आफ्नै कारण सरकार बन्ने र आफूहरुकै कारण सरकार ढल्न सक्ने स्थितिमा साना दलहरुले सत्ता भागबन्डामा आफ्नो दाह्रीको उपस्थिति खोजेका छन् । पहिलो पटक शक्तिको रुपमा उदाएका रास्वपा, जनमत र नाउपाले भूमिका अनुसारको उपस्थिति राज्यका अङ्गहरूमा खोजेका हुन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

संघदेखि प्रदेशसम्म भागबन्डाको विषयमा छलफल गर्नका लागि बुधबार बस्ने भनिएको सत्ता साझेदार दलहरुको बैठक स्थगित भयो । कारण- भागबन्डाबारे आन्तरिक छलफलको अपुग । प्रतिनिधिसभाको बैठक पुस २५ गते दिउँसो १ बजेका लागि बोलाइएको छ । त्यस अगाडि मन्त्रालयको भागबन्डा टुंग्याउने सत्ता साझेदार दलहरुको तयारी छ । संघीय सरकारको भागबन्डाको विषय नेकपा एकीकृत समाजवादीको सरकारमा सहभागिता सुनिश्चित भएपछि टुंगो लाग्ने

– बाँकी पृष्ठ २ मा


सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# ठमेलका अव्यवस्थित तार हटाइयो

**काठमाडौं/मस–** ठमेललाई सफा र सुन्दर बनाउन अव्यस्थित रुपमा तानिएका विद्युत, केबल टेलिभिजन, इन्नटरनेट, टेलिफोनका तार तथा उपकरणहरु व्यवस्थापन गरिएको छ । ठमेल पर्यटन विकास परिषदको सक्रियता, नेपाल विद्युत प्राधिकरण र केबल तथा इन्टरनेट सेवा प्रदायकहरुको सहभागितामा ठमेल क्षेत्रलाई सुन्दर बनाउन अव्यवस्थित रहेका तारहरुलाई हटाउने र व्यवस्थापन गर्ने काम अभियानकै रुपमा चलिरहेको छ ।

विद्युतीय पोल प्रयोग गरी अव्यवस्थित तरिकाले तानिएको र प्रयोगमा नरहेका अनावश्यक अप्टिकल फाइवर, केबल पोलमा जथाभावी झुण्डयाइएका उपकरणहरुका कारण पर्यटकीय क्षेत्र ठमेल कुरुप बनेको थियो । प्राधिकरणले गत कात्तिकमा आगलागी लगायत विद्युतीय दुर्घटना न्यूनीकरण गरी भरपर्दो विद्युत सेवा उपलब्ध गराउन र सहरी सुन्दरता समेत कायम राख्न दूरसञ्चार, केबल टिभि र इन्टरनेट सेवा प्रदायकहरुलाई आफ्नो संरचना निर्माण/व्यवस्थापन गर्न ४५ दिने समयसीमा दिएको थियो ।

सोही अन्तर्गत ठमेल क्षेत्रका अव्यवस्थित तार तथा उपकरणहरु हटाउन सुरु गरिएको हो । ठमेल क्षेत्रमा लाइन सफा गर्ने




सिलसिलामा ४८ ट्रक अव्यवस्थित र काम नलाग्ने तार तथा उपकरणहरु निकालिएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल, ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्मालगायत सम्मिलित उच्चस्तरीय टोलीले बुधबार ठमेल क्षेत्रमा तार व्यवस्थापनका लागि भइरहेको कामको अनुगमन गरेको छ ।

कार्यकारी निर्देशक घिसिङले विद्युतको तत्कालका लागि नांगो तारलाई फेर्ने, बांगो र मक्किएका पोलहरु हटाएर राम्रा राम्रो पोलहरु राखि पर्यटकीय क्षेत्र ठमेललाई सफा र सुन्दर बनाउने अभियानमा साथ दिइने बताए ।

'अव्यवस्थित तारको गुजुल्टोको कारण सहर कुरुप बनेको छ, आगलागी भई धनजनको क्षति भएको छ, हाम्रो सेवा प्रभाह प्रभावित भएको छ, सहरी सौन्दर्यता कायम गर्न विद्युतीय दुर्घटनालाई न्यूनिकरणका लागि हाम्रा संरचनामा राखिने विभिन्न सेवा प्रदायकका तार तथा उपकरणहरुका लागि मापदण्ड तयार गरी व्यवस्थापन गर्न लागिएको हो, मुख्य सहरी क्षेत्रको सौन्दर्यता कायम गर्न अव्यस्थित तारलाई व्यवस्थित बनाउने काम देशभरी नै सञ्चालन गरिरहेका छौं', घिसिङले भने ।

उनले काठमाडौं उपत्यका, पोखरा र भरतपुरमा विद्युतीय संरचनालाई भूमिगत बनाउने काम भइरहेको बताए । प्राधिकरणले विभिन्न सेवा प्रदायकका राउटर, अप्टिकल फाइबर वितरण बक्स जस्ता उपकरणहरु पोलको एउटै मात्र भागमा क्रमैसँग मिलाएर नझर्ने, नहल्लिने गरी जडान गरी र सफासँग क्लिप प्रयोग गरी वाइरिङ गर्नुपर्ने व्यवस्था गरेको छ । प्रयोगमा नरहेका तार र अन्य उपकरणहरु तत्काल हटाउनुपर्ने छ । पोलहरुमा लुप वनाएर राखिएका तार तत्काल हटाउने र नयाँ तारहरु तान्दा समेत अतिरिक्त लम्वाइका लुप बनाएर पोलमा झुण्डाउन नपाउने व्यवस्था गरिएको छ । सेवा प्रदायकहरुले निजहरुको तार सजिलोसँग छुट्टयाउन सक्ने गरी प्रत्येक पोलमा केबल ट्याग लगाउनुपर्ने छ । पोलमा जडित उपकरणहरुमा समेत मार्किङ गर्नुपर्ने छ । सम्भव भएसम्म धेरै कोर भएको केवल तानी बहुसंख्यक सेवा प्रदायकले सहप्रयोग गर्ने गरी सेवा विस्तार गर्नु पर्नेछ । तारहरुलाई सडक वारपार तान्न रोक लगाइएको छ भने तानिएका केवलहरु हटाउनुपर्ने छ ।

# बाखापालनबाट जीविकोपार्जन



**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, १३ पुस

'बाखा पाल्छु राम्रै छ बजार, दुईवटा बोका बेच्यो कि तीस हजार चिन्ता छैन केही...।' गायक पशुपति शर्माको यो गीत नारायण भण्डारीको जीवनमा पनि मेल खान पुगेको छ । एउटै खसी ३२ किलोसम्म उत्पादन गरी बजारमा बिक्री गरेपछि उनको खुसीको सीमा छैन । छोटो समयमै बाखापालन व्यावसायबाट अहिले मनग्य कमाई हुन थालेपछि भण्डारी यस व्यवसायमा उत्साहित हुँदै लागेका छन् । निर्मल पशुपक्षी कृषि फार्म दर्ता गरी रामपुर नगरपालिका-५ स्थित राङभाङमा एक वर्षअघिदेखि व्यावसायिक तवरबाट उनले बाखापालन गरिरहेका छन् ।

विभिन्न क्षेत्रको अनुभव बटुल्नुभएका भण्डारीले परिवारको आयआर्जनको दरिलो स्रोतका रूपमा बाखापालन व्यवसायलाई अँगालेका हुन् । उनको फार्ममा हाल ५९ बाखामध्ये २७ माउ र अन्य साना पाठापाठी छन् । एक वर्ष पूरा नहुँदै बाखापालनबाट मनग्य कमाइ हुन थालेपछि व्यवसायलाई बर्सेनि विस्तार गर्दै लैजाने भण्डारी बताउछन् ।

'बाखापालनबाट राम्रै कमाइ गर्न सकिने रहेछ, नौ महिनामै नौवटा पाठा बिक्री गरी रु दुई लाख ५० हजार कमाउन सफल भएको छु', उनले भने, 'परिवारसँग बसेर स्वतन्त्ररूपमा व्यवसाय गर्न पाइएको छ, बाहिरको तनाव छैन, यसमै खुसी छु ।' भण्डारीको दुईवटा माउ बाखाबाट शुरु भएको व्यवसाय अहिले यस क्षेत्रकै नमूना बाखापालन व्यवसायका रूपमा चिनिन पुगेको छ । स्थानीय वयर क्रस, जनुनापारी, खरी जातका बाखा फार्ममा छन् । बीउ उत्पादनका लागि बोयर जातका दुईवटा बोका पालेका छन् । चार किलो दुई सय ग्रामसम्मको पाठापाठी जन्मिने गरेको भण्डारीले बताए ।

आफ्नै एक रोपनी जग्गामा पक्की खोर र घाँसपात खाने संरचना तयार पारिएको छ । करिब एक सय २० बाखा अट्ने क्षमताको खोर तयार पारिएको छ । माउ, पाठापाठी र भर्खरै ब्याएका बाखालाई फरक-फरक खोरमा राख्ने गरिन्छ । राम्रो स्याहारसुसार घाँसपास खुवाएमा एक वर्षमा ४५ किलोसम्मको खसीबाखा उत्पादन हुने उनको अनुभव छ । खोर निर्माणमा रु २५ लाख र बाखा खरिदमा रु १० लाख गरी करिब रु ३५ लाखको लगानीमा भण्डारीले व्यावसाय सञ्चालन गरेका छन् । घाँसपातको आपूर्ति व्यवस्थापन गर्न १३ रोपनी जग्गा भाडामा लिएर सुपरनेपिएर, वर्षिमलगायत जातका उनले उन्नत घाँस लगाएका छन् । अहिले फार्ममा सात पाठा बिक्रीका लागि तयार भएका छन् । बाखाको स्याहारसुसार र रेखदेखमै दिन बित्ने गरेको भण्डारीले बताए । उनी भन्छन्, 'अहिले बजारमा मागअनुसार खसी पुऱ्याउन सकिएको छैन, बजार मूल्य राम्रो भएपछि व्यवसायीलाई बाखापालनमा भ्याइनभ्याइ छ, दिनमा दुई/चार घण्टा खटेर वर्षमा लाखौं कमाउन सकिन्छ ।'

अहिले यहाँको बजारमा खसीको मासु प्रतिकिलो रु पाँच सय ५० मा बिक्री भइरहेको छ । लामो समयसम्म टिकाउ रहने खालको बलियो संरचना तयार पारेर व्यवसायमा लागेका उनले एक सय माउ बाखा पाल्ने लक्ष्य राखेका छन् । यस व्यवसायबाट वार्षिकरूपमा खर्च कटाएर रु पाँच लाख बराबरको कमाइ गर्ने भण्डारीको लक्ष्य छ । अहिलेसम्म अनुदान कार्यक्रम कहीँकतैबाट प्राप्त गरेका छैनन् । अनुदानका लागि भने लुम्बिनी प्रदेश सरकारसँग कुरा भइरहेको भण्डारीको भनाइ छ ।

रोजगारका लागि विभिन्न क्षेत्रमा पुग्नुभएका भण्डारीले जीवनमा धेरै दुःख भोगाइपश्चात अन्ततः गाउँमै बसेर अहिले बाखापालनमा जोड दिएका छन् । साउदी अरबमा दुई वर्ष र भारतमा १३ वर्ष काम गरेर फर्किएका भण्डारीले स्वदेशमै केही गरे हुन्छ कि भन्ने मनसाय बोकेर छ वर्षसम्म रामपुर तानसेन क्षेत्रमा सवारीचालक भएर पनि काम गरे । उनले धेरै क्षेत्रको अनुभवले दिगो र भरपर्दो आम्दानीका लागि बाखापालनको थालनी गरे ।

बाखा उत्पादन बढ्दै जाँदा उनलाई एकछिन पनि व्यवसाय छोड्न मन छैन । बाखापालन थालनी गरेपछि आनन्दसँग परिवारका साथ जीवन ब्यतित भइरहेको उनी बताउछन् । भण्डारीलाई यस व्यवसायमा श्रीमती भगवतीको राम्रो साथ छ । हिजो कमाइ नहुँदा टाढिएका आफन्त, परिवार, छरछिमेक, साथीभाइ अहिले बाखापालनबाट राम्रो हुन थालेपछि नजिकिन थालेको भगवतीले अनुभव सुनाइन् । 'परिवारको आयस्रोत नहुँदा गाउँमा सबैबाट हेपिनुपऱ्यो, अहिले आफैँले कमाउन सक्ने भइयो, कमाउन सकियो भने सबै नजिकका हुने रहेछन् भन्ने अनुभूति भएको छ, पाँच/सात महिना पालेपछि पाठा बिक्री गर्न लायकका हुन्छन्, बाखापालनमा दिन बितेको पत्तो हुनै छाड्यो', भगवतीले भनिन् ।

बाखापालनबाट भण्डारीको परिवारलाई खुसी दिलाएको छ । बाखापालन क्षेत्रमा भण्डारी दम्पती यतिबेला समाजमा उदाहरणीय पात्रका रूपमा कहलिएका छन् । बाखाको आहार व्यवस्थापनलाई मध्यनजर गर्दै घरमै राइस मिलसमेत सञ्चालन गरिरहेका छन् । पाल्पामा पछिल्लो समय व्यावसायिक बाखापालनमा युवाको मोह बढ्दो छ । गाउँमा रहेका खाली जग्गा सदुपयोग गर्दै विदेशबाट गाउँ फर्केका युवा यस व्यवसायमा संलग्न हुँदैगएका छन् । दिगोरूपमा व्यवसाय गर्ने योजनाका साथ उन्नत जातका बाखापालनलाई युवाले जोड दिएका छन् । बजारमा खसीबोकाको माग र मूल्य अत्यधिक हुँदा व्यवसायीमा बाखापालनले उत्साह थपिदिएको छ ।

# राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम प्रयास गर्न निर्देशन

**काठमाडौं/मस**-केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बुधबार बसेको बैठकले राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम प्रयास गर्न सरोकारवाला निकायलाई निर्देशन दिएको छ ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको उपस्थितिमा बसेको बैठकले राजस्व संकलनको वर्तमान अवस्था र राजस्व चुहावट नियन्त्रणका सम्बन्धमा छलफल गरेको थियो । बैठकमा राजस्व सङ्कलनमा देखिएका चुनौती, चोरी पैठारी नियन्त्रणमा भएका प्रयासका विषयमा छलफल तथा समीक्षा गरिएको अर्थमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए ।

अर्थमन्त्री पौडेलले सबै प्रकारका राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम प्रयास गर्न बैठकमार्फत निर्देशन दिएका छन् । राजस्व संकलनका हिसाबले अहिले चुनौतीपूर्ण अवस्थामा रहेकाले सबैले आ-आफ्नो जिम्मेवारी इमानदारितापूर्वक सम्पादन गर्न र राजस्व संकलनमा देखिएको न्यूनतालाई पूर्ति गर्न अर्थमन्त्रीबाट निर्देशन आएको प्रवक्ता काफ्लेले बताए । राजस्व चुहावट नियन्त्रणका लागि राजनीतिक नेतृत्वबाट आवश्यक पर्ने सबै किसिमको



सहयोग उपलब्ध गराउन सरकार तयार रहेको आश्वासन पनि मन्त्री पौडेलले बताए ।

त्यस्तै, समिति बैठकमा उपप्रधान तथा गृहमन्त्री लामिछानेले राजस्व संकलनमा देखिएको अन्तर पूर्ति गर्न सीमानाकामा हुने राजस्व चुहावट नियन्त्रण गर्ने कार्यमा गृह प्रशासन सक्रिय भएर लाग्ने बताए । कर्मचारीलाई कुनै राजनीतिक दबाब र प्रभावमा नपरी उच्च मनोबलका साथ काम गर्न निर्देशन दिँदै लामिछानेले अवैध व्यापारिक गतिविधि रोक्न दृढताका साथ काम गर्न पनि सबै सुरक्षा निकायका प्रमुखलाई समेत निर्देशन दिए । बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थसचिव, गृहसचिव, राजस्व सचिव, सुरक्षा निकायका प्रमुखहरू, आन्तरिक राजस्व विभागमा महानिर्देशकलगायतको उपस्थिति थियो ।

# मल नल्याउने ५ ठेकेदार र कम्पनी कालोसूचीमा

**काठमाडौं/मस–** सार्वजनिक खरिद अनुगमन कार्यालयले रासायनिक मल नल्याउने ५ ठेकेदार कम्पनीका साथै त्यसका सञ्चालकलाई कालोसूचीमा राखेको छ ।




कार्यालयले सूचना जारी गर्दै सिल्क मार्केट, सिनोमायक, विध म्यानेजमेन्ट, ग्लोबल म्याक्ट्रिक्स र सिल्क मार्केटसहित २४ वटा कम्पनीलाई कालो सूची सिफारिस गरेको हो । यी कम्पनीले तीन वर्षका लागि कुनै पनि सार्वजनिक खरिदमा भाग लिन पाउने छैनन् ।

कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालयको सिफारिसमा अन्तर्राष्ट्रिय कम्पनी सिल्क मार्केट र यसका मुख्य व्यक्ति अजय थापा, सिनोम्याक-एचआई सांघाई इन्टरनेशनल ट्रेड कम्पनी र यसका मुख्य व्यक्ति वीफेङ्ग, ग्लोबल म्याक्ट्रिक्स ट्रेडिङ र यसका मूख्य व्यक्ति नवीन तुलाधर, विध म्यानेजमेन्ट कुपोन्डोल र यसका मुख्य व्यक्ति भीमकान्त भण्डारी र सिल्क मार्केट नक्साल र यसका व्यक्ति रमेश शेर्पालाई ३ वर्षसम्मको लागि कालोसूचीमा राखेको हो ।

यी कम्पनीले आर्थिक वर्ष २०७८/०७९ मा ५० हजार मेट्रिक टन युरिया आयात गर्न ठेक्का पाएका थिए । सिल्क मार्केट, सिनोमायक, विध म्यानेजमेन्ट, ग्लोबल म्याक्ट्रिक्सले २५-२५ हजार मेट्रिक टन युरियाको ठेक्का लिएका थिए भने सिल्क मार्केटले ५ हजार मेट्रिकटन डिएपी आयातको ठेक्का पाएको थियो ।

# विद्युत् चोरीको आरोपमा सातजना पक्राउ



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १३ पुस

विद्युत् प्राधिकरण कार्यालय बरहथवा वितरण केन्द्रले विद्युत् चोरीको आरोपमा ७ जनालाई पक्राउ गरेको छ । बरहथवाबाट खटिएको सुरक्षाकर्मीसहितको विद्युत् चुहावट नियन्त्रण टोलीले हुकिङ्ग गरी विद्युत् चोरी गरिरहेको अवस्थामा बुधबार बिहान उनीहरुलाई पक्राउ गरेको हो । जिल्लाको बरहथवा नगरपालिका वडा नम्बर १६ टिकुलियाबाट उनीहरुलाई पक्राउ गरिएको विद्युत् प्राधिकरण कार्यालय बरहथवा वितरण केन्द्रका इन्चार्ज छोटेलाल यादवले मध्यान्हलाई जानकारी दिए । पक्राउ गरिएका सबैमाथि विद्युत् चुहावट ऐनअन्तर्गत कारबाही गरिने उनको भनाइ छ । कार्यालय इन्चार्ज यादवका अनुसार, विद्युत् चोरीको आरोपमा कार्यालयले साउनदेखि हालसम्म १ सय १७ जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाबाट जरिवाना स्वरुप नौ लाख रुपैयाँ संकलन भएको पनि उनले बताए ।

## दिल्लीमा...

र पछि मात्र आफूहरु ठगीएको ठानेर प्रहरीमा उजुरी गर्न पुगेको पीडितहरुको भनाइ छ ।

पीडित आशिष सिंजालीका अनुसार दर्जीले केहीलाई सुमित्रा पंगेनीका नाममा लक्ष्मी बैंकको कपिलवस्तुको हाकिम चोक शाखामा रकम जम्मा गर्न लगाएको र केही रकम एसबीआई बैंकमा इन्द्रबहादुर/विष्णुदेवी कार्कीको खातामा रकम जम्मा गर्न लगाएका थिए । सिंजालीसँगै प्रहरीमा उजुरी गर्न पुगेका देवेन्द्र गाहाले आफूहरुलाई दिल्ली बोलाएर 'स्पेनका लागि नहुने भयो, तपाईंहरु अहिले फर्कनुस्, अब फ्रान्सका लागि आवेदन प्रोसेस अघि बढाउँछु,' भनेर आफूहरुलाई दिल्लीमै अलपत्र पारेको गुनासो गरे ।

दर्जीबाट आफूहरु जस्तै अन्य दर्जनौं व्यक्ति ठगीएकाहरु दिल्लीमा भेटिएको आशिष र देवेन्द्रले बताएका छन् । दिल्ली पुगेपछि मात्र दर्जीले कसैलाई आफ्नो नाम प्रताप केसी र कसैलाई सन्दीप शर्मा बताउने गरेपछि ठगी आभास भएको गाहाले बताए ।

आफूहरुबाट २२ लाख रकम ठगी भएको भन्दै उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी गर्न पुगेका आशिष र देवेन्द्रले सन्दीप शर्मा/प्रताप केसी भन्ने दर्जीसहित खातावाल सुमित्रा पंगेनी, इन्द्र बहादुर, विष्णुदेवी कार्कीलाई पनि विपक्षी बनाएर उजुरी दिएका छन् । प्रहरीले पनि मानव तस्करी धन्दामा संलग्नहरु उपर कारबाहीका लागि प्रक्रिया अघि बढाइसकेको बताएको छ । पीडितहरुले खातावाल सुमित्रा पंगेनीको मोबाइल नम्बर ९८२३६८३११८ मा सम्पर्क गरी टिके दर्जीकोबारे सोधपुछ गर्दा उनले पनि जवाफ नदिई अन्कनाउँदै शुरुमा मोबाइल स्वीच अफ गरेको र केहीबेरमा ९८०५७५१३१२ नम्बरको मोबाइलबाट फोन गरी टिके दर्जीका बारे सोधपुछ गर्ने तपाई को हो ? भन्दै फोन गरेको पीडितहरुको भनाइ छ ।

## गृहमन्त्री...

पक्षहरुमा सुधार गरेर नयाँ बनाउने वा पुरानो राहदानीको समयावधि सकिएका सबैलाई द्रुतगतिमा ई-पासपोर्ट सहजरुपमा दिने बताएको थियो । तर चाहेको समयमा राहदानी लिनुपर्ने बाध्यतामा रहेका युवायुवती पुसको जाडोमा भोकभोकै लाइनमा बस्न बाध्य देखिएका छन् ।

यसअघि विहान ११ बजेदेखि बुकिङ शुरु हुने गरेको भए पनि विभागले गत पुस ५ गतेदेखि दिउँसो साढे ३ बजेदेखि मात्र अनलाइन आवेदनका लागि बुकिङ शुरु गरेको छ । तर सेवाग्राहीको चापअनुसार जनशक्तिको व्यवस्थापन गर्न नसकेको राहदानी विभाग केही समययता अस्तव्यस्त देखिएको छ ।

विभागले अनलाइन आवेदन खुलाउँदा नजिकै कार्यालय खोलेकाहरुले कोटा कब्जा गरेर वास्तविक सेवाग्राहीलाई समस्यामा पारिरहेको राहदानीका लागि आएकाहरुले गुनासो गर्ने गरेका छन् । विभागमा सेवाग्राहीहरुको गुनासो सुनेपछि गृहमन्त्री लामिछानेले जिल्लाबाटै सहजरुपमा राहदानी जारीका लागि सरकारले पहल गर्ने आश्वासन दिए ।

## सत्ता...

नेताहरु बताउँछन् । मन्त्रालय भागबन्डामा एकीकृत समाजवादी समेतलाइ ख्याल गरेर प्रारम्भिक खाका बनाएर छलफल चलाइएको छ ।

जस अनुसार एमालेले ९/१० वटा, माओवादीले ५, रास्वपा ३ मन्त्री एक राज्यमन्त्री, जसपा र सिके राउत २/२ र एकीकृत समाजबादी २/३ वटा मन्त्रालय लिनेछन् । तर, यसमा दलहरुको दाबी भने केही बढी छ । एमालेले १२ वटा सम्म मन्त्रालय दाबी गरेको छ भने, माओवादीले ७/८ मन्त्रालयमा दाबी गर्दै आएको छ । रास्वपाले पनि ५ वटा मन्त्रालय दाबी गरेको छ । साथसाथै, रास्वपाले उपसभामुखमा समेत दाबी गरेको छ । जसपाले उपराष्ट्रपति पदमा दाबी गरेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) सरकारमा सहभागी भएको खण्डमा ठूला दलहरुले लिने मन्त्रालयको संख्या केही घट्नेछ । संविधानले राज्यमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् रहने भनेको छ ।

मन्त्री बाहेकका पदहरुमध्ये राष्ट्रपति एमालेले लिने र सभामुखमा एमाले र माओवादीले आलोपालो गर्ने सहमती छ । यसबाहेकका पदहरुमा आफूहरुको पनि दाबी रहने अन्य सत्ता साझेदार दलहरुले बताएका हुन् ।

साथसाथै, सत्ता साझेदार दलहरुले प्रदेश सरकारको विषयमा समेत छलफल सुरु गरेका छन् । प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी ओली, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र जसपाका अध्यक्ष उपेन्द्र यादवसँग छुट्टाछुट्टै भेटेर प्रदेश सरकारको भागबन्डाबारेको छलफल गरेका छन् ।

प्रचण्ड निकट नेताहरुका अनुसार छलफलमा भागबन्डाको प्रारम्भिक खाकासहित छलफल भएको छ । प्रारम्भिक खाका अनुसार एमालेले कर्णाली, बागमती, प्रदेश १ र गण्डकी प्रदेश सरकारको नेतृत्व गर्नेछन् । तर, प्रदेश १ सरकारको प्रमुखमा माओवादी केन्द्रले दाबी गरेको छ । एमालेले पनि दाबी गरेको छ । कुरा नमिले यो प्रदेशमा आधा/आधा कार्यकाल नेतृत्व लिन सक्ने गरी सहमतिको सम्भावना खोजिने नेताहरु बताउँछन् ।

माओवादी केन्द्रले सुदूरपश्चिम र लुम्बिनी प्रदेश सरकारको नेतृत्व लिने, मधेस प्रदेश सरकारको नेतृत्वमा जसपा र जनमत पार्टीले दाबी गरेको छ । दाबी गरेका दुबै दलले आधा/आधा कार्यकाल नेतृत्व लिन सक्ने गरी सहमती जुटाउने प्रयास भइरहेको गठबन्धनका नेताहरु बताउँछन् ।

यता, सुदुरपश्चिम सरकारको नेतृत्वमा नागरिक उन्मुक्ति पार्टीले पनि दाबी गरेको छ । साना दलहरुको समेत समर्थन लिएर सरकार बनाएका कारण माओवादी र एमालेले कम्प्रमाइज गर्नुपर्ने कतिपय नेताहरुको तर्क छ । यस आधारमा सुदुर पश्चिम प्रदेशमा पनि आधा/आधा कार्यकालको विषय गठबन्धनको बैठकमा उठ्न सक्ने नेताहरु बताउँछन् । अर्थात, आफ्नै कारण सरकार बन्ने र आफूहरुकै कारण सरकार ढल्न सक्ने स्थितिमा साना दलहरुले सत्ता भागबन्डामा आफ्नो दह्रिलो उपस्थिति खोजेका छन् । पहिलो पटक शक्तिको रुपमा उदाएका रास्वपा, जनमत र नाउपाले भूमिका अनुसारको उपस्थिति राज्यका अंगहरुमा खोजेका हुन् ।

## क्षमायाचना !

**मध्यान्ह दैनिकको बर्ष २०, अंक ३१२, मिति २०७९ पुस १३ गते बुधबार, पृष्ठ २ (विविध पृष्ठ)को केही प्रतिहरुमा प्राविधिक असावधानीका कारण २०७९ पुस ३ गतेकै समाचार सामग्री प्रकाशित हुन गएको छ । यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं साथै गम्भीर रुपमा हुन गएको यस्तो त्रुटी आगामी दिनमा नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।**

**– प्रकाशक**

**ट्राईसिटी कलेज अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०१/१६ गतेमा दर्ता कायम भएको **ट्राईसिटी कलेज अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी प्रा.लि. (दर्ता.नं. १११९७७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०९/१३ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०९/१४**

यस कार्यालयमा मिति २०६२/०१/०७ मा दर्ता भएको **प्रा.लि.नं. ३३८६८** को **आदित्य केबुल टि.भि. नेटवर्क प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बरुवाल कृषि केन्द्र प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/१५ गतेमा दर्ता कायम भएको **बरुवाल कृषि केन्द्र प्रा.लि. (दर्ता.नं. २५१५८७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०९/१३ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# निरु विक घटनाको छानविन गर्न गृहमन्त्रीलाई ज्ञापनपत्र

**मान बहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, १३ पुस

चे फोर्स नेपाल कर्णाली प्रदेशले निरु विकको हत्यामा संलग्नलाई कारबाही गर्नका लागि माग गरेको छ। जिल्ला प्रशासन कार्यालय कालीकोटमार्फत गृह मन्त्रालयलाई ज्ञापनपत्र बुझाउँदै दोषीलाई कारबाही गर्न माग गरेको हो। चे फोर्स नेपाल कर्णाली प्रदेशका बिग्रेड कमाण्डर हिक्मतजंग मल्ल, कालीकोट जिल्ला कमिटी डेपुटी कमाण्डर सुनिल शाही र सेक्रेटरी कमाण्डर दिलु शाहीले घटनाका तत्काल छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका हुन्।



'बलात्कार पछि हत्या जस्तो जघन्य अपराध गर्ने अपराधी पहिचान नहुँनु, पीडित पक्षले न्याय नपाउनु जस्ता कारणले अझै पनि कालीकोटका नागरिकले कानूनी राज्यको आभास पाउन नसक्नु दुखद् हो' ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ।

'सामाजिक न्याय स्थापित गर्न र समतामूलक समाज निर्माणका लागि चे फोर्स नेपाल स्थापना कालदेखि नै प्रतिबद्ध छ। यस्ता जघन्य अपराध मानवता विरोधी भेदभावका घटना कुनै पनि हालतमा स्वीकार नभएकोले तत्काल अनुसन्धान गरी दोषीलाई कडाभन्दा कडा कारबाही गर्न माग गर्दछौं'। २०७८ साल भदौ ४ गते मेला हेर्ना गएकी १६ वर्षीया किशोरी निरु विकको शरीरको आधा भाग कपडा मात्र रहेको अवस्थामा भदौ ७ गते घर नजिकैको मकैबारीमा शव फेला परेको थियो। कक्षा ९ मा अध्यनरत छात्रा विकको बलात्कार पछि हत्या भएको १ वर्ष ४ महिना बितिसक्दा पनि घटनाका दोषीहरु पत्ता लागेका छैनन्।

# नारायणी नदीमा मोटरबोट



**चितवन/रासस–** छोटो समय लिएर घुम्न आउने आन्तरिक पर्यटकको लागि चितवनको नारायणी नदी किनार आन्तरिक पर्यटकका लागि बन्दै गइरहेको छ। नदी वरपरको रमणीय वातावरण तथा नदीमा सञ्चालित मोटरबोटका कारण यहाँ आन्तरिक पर्यटक आकर्षित बनेका हुन्। नारायणगढ बजार नजिकै रहेको नदी किनारमा मोटरबोटको मज्जा लिनेदेखि घाम ताप्ने र फुर्सदको समयमा घुम्न आउने मानिसको संख्या बढ्दै गइरहेको छ।

कालिका नगरपालिका- ५ बाट आएकी बालिका कँडेल मोटरबोट चढ्नकै लागि नदी किनारमा आएको बताइन्। उनले मोटरबोट चढेर यहाँको दृश्य अवलोकन गर्न पाउँदा निकै रामइलो लागको अनुभव सुनाइन्। खाली समयको सदुपयोग गर्नमात्रै नभएर विशेष दिनमासमेत रमाइलो गर्नका लागि पनि नदी किनार आउनेको संख्या उत्तिकै छ। नारायणी नदीमा सञ्चालन भएको मोटरबोट चढ्न आउने आन्तरिक पर्यटकको भीड बढ्दै गएको व्यवसायी बताउँछन्। चितवन भएर यात्रा गर्नेहरु नारायणी नदीमा मोटरबोटको मज्जा लिएर जाने गरेका छन्।

नदी किनारमा मोटरबोट चढ्नका लागि सामान्य दिनको तुलनामा बिदाको दिनमा आन्तरिक पर्यटकहरु धेरै आउने गरेमने रङ्गमहल रिभरल्याण्ड प्रालिका क्याप्टेन विजय तामाङले बताए। नारायणी किनारमा बिहानको समयमा मर्निङ वाक र योग गर्नेको चाप हुन्छ। दिउँसो भने सबै उमेर समूहका मानिस यहाँ आउने गरेका छन्। मुलुककै तेस्रो पर्यटकीय गन्तव्यको रुपमा रहेको चितवनमा नारायणी नदीको मोटरबोटले छुट्टै आकर्षण थपेको उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले बताए। उनले मोटरबोट चढ्न आउने आन्तरिक पर्यटकको वृद्धि भएसँगै व्यवसायीले मोटरबोटमा करोडौँको लगानी गरेको जानकारी दिए। नारायणी नदी किनारमा सञ्चालित मोटरबोट चितवनको नयाँ मनोरञ्जन केन्द्रको रुपमा स्थापित हुँदै गएको युवा उद्यमी मञ्च चितवनका अध्यक्ष सूर्यभक्त अधिकारी बताउछन्। नारायणी नदीमा मोटरबोट चढ्न दैनिक एक हजारको हाराहारीमा आन्तरिक पर्यटक आउने गरेको नारायणी मोटरबोट व्यवसायी संघका अध्यक्ष अशेष मल्लले बताए।

मोटरबोट चढ्न दैनिक एक हजारको हाराहारीमा पर्यटक आउने गरेको उनले जानकारी दिए। शनिबारको दिन भने बढी आउने गरेका छन्। भरतपुर महानगरपालिका-१ का वडासदस्य मनोज घिमिरेले मोटरबोट र नदी किनार व्यवस्थित गराउने काम गरिएको बताए। उनले किनारमा व्यापार व्यवसाय गर्ने र घुम्ने ठाउँलाई निश्चित क्षेत्र तोकेर काम गरिएको जानकारी दिए। केन्द्र सरकार र महानगरपालिकाले बजेट विनियोजन गरेर नदी किनारलाई आकर्षक बनाउने काम भइरहेको उनले बताए। नारायणी नदीमा हाल विभिन्न कम्पनीका २३ मोटरबोट सञ्चालनमा रहेका छन्। ऐतिहासिक नगरवन क्षेत्र, नारायणी नदी, विभिन्न मठमन्दिरलगायत रहेकाले पनि यो क्षेत्र पर्यटकका लागि आर्कषक रहेको छ।

# आरआर क्याम्पसमा झडप, ३ जना घाइते

**काठमाडौं/मस–** काठमाडौंको प्रदर्शनीमार्गस्थित रत्नराज्य क्याम्पसमा अखिलका विद्यार्थीबीच झडप हुँदा ३ जना विद्यार्थी नेताहरु घाइते भएका छन्। स्ववियु निर्वाचनको विषयमा विद्यार्थी संगठनका नेताहरुबीच झडप हुँदा आरआर क्याम्पस अनेरास्ववियूका अध्यक्ष मदन भण्डारीमाथि खुकुरी प्रहार भएको हो।




खुकुरी प्रहारबाट भण्डारी सहित उपाध्यक्ष लोकेश खड्का, सदस्य हर्क बोहरा र अनेर ास्ववियु नेता रवि मगरलगायत घाइते भएका छन्। घाइते अध्यक्ष भण्डारीको अवस्था भने चिन्ताजनक रहेको छ। घाइतेहरुको अहिले काठमाडौं मोडेल अस्पतालमा उपचार भइरहेको छ। सभापति शाहीले खुकुरी प्रहार गर्ने चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। आक्रमणमा संलग्न आरआरका विद्यार्थी नरहेको बताइएको छ। घटनाबारे अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।


## Cyprus मा रोजगारको अवसर

१. कम्पनी: **Ero Christoforou Private Employment Agency., Cyprus , Paphos**

पूर्व स्वीकृती मिति २०७९।०३।२८ | चलानी नं. ६०१८३१५५ | LT.No. 266974 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 02 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १४०,९२०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook C | 03 | 0 | | 700 | ९८,६४४।- | | | | | | | |
| 3 | Barmaid | 01 | 01 | | 800 | ११२,७३६।- | | | | | | | |
| 4 | Waiter/Waitress | 02 | 02 | | 800 | ११२,७३६।- | | | | | | | |
| 5 | Chambermaid | 0 | 02 | | 700 | ९८,६४४।- | | | | | | | |

नोट:– स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा ४ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ । साथै साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

२.कम्पनी: **Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca.**

पूर्व स्वीकृती मिति २०७९।०४।२९ | चलानी नं. ६०१८५३२५ | LT.No. 269480 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 03 | काममा दक्ष | 314 | ४४,२४८।- | ६ दिन | ८ घण्टा | कं.नि. अनुसार | | छ | | २ वर्ष |

३.कम्पनी: **C & C Private Employment Agency., Cyprus.**

पूर्व स्वीकृती मिति २०७९।०६।१४ | चलानी नं. ६०१८८६३४ | LT.No. 273000 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labourer | 10 | काममा दक्ष | 455 | ६४,११८।- | ६ दिन | ८ घण्टा | कं.नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।– | कामदार स्वयं रु. १,५००।– | रु.४०,०००।– |

अन्तर्वार्ता २०७९ पौष २१ गते ( 05 January, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.com



## मलेसियामा रोजगारको अवसर

१. कम्पनी: **SUBITEC SDN BHD** शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०९/१३ | चलानी नं.: ६०१९३९१३ | LT. No.: 278297

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **BANLIONG POULTRY FARM** शहर: Malaysia, JASIM

पूर्व स्वीकृत मिति: २०७९/०९/१३ | चलानी नं.: ६०१९३९१४ | LT. No.: 278296

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: **BT CHEMICALS SDN. BHD.** शहर: Malaysia, SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०९/१३ | चलानी नं.: ६०१९३९११ | LT. No.: 278298

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६

**सदिक्षा ओभरसिज प्रा. लि.**
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५ । फोन: ४३८०१८१, ४३८८२००, ४३८६५२५
Mob:- 9801130592/ 9851332383/ 9851332382/ 9851332384/ 9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np



## MALAYSIA मा रोजगारको अवसर

१. कम्पनी: **DYNAMIC GUARDFORCE SDN BHD** शहर: Malaysia,JALAN

पूर्व स्वीकृत मिति: २०७९/०६/२५ | चलानी नं.: ६०१८९३१८ | LT. No.: 273183 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 26 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११६३/०७३/०७४

**Blue Ocean Recruitment Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com



Province Government
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office**
Dhulikhel, Kavreplanchwok

## INVITATION FOR BIDS

**First Date of Publication- 2079/09/14 BS ( 2022/12/29 A.D)**

1. **Urban Development and Building Office, Dhulikhel, Kavreplanchwok** invites bids from eligible bidders for the construction of **following work** under National Competitive Bidding procedures.

| Contract No/ Bid No | Description of Works | Estimated Amount (NRs) (Exclusive of VAT, PS & Contingency) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|
| UDBO/NCB/ WORKS/1S2E/ 04//079/080 | **Chaukidanda Khaharepagu Sadak Nirman Tatha Starounnati, Roshi Ga.Pa.** | | **665,000.00** | 5000.00 |

2. Purchase, Submission and Opening: Bidding document is available online and can be downloaded from e-procurement portal http:www.bolpatra.gov.np/egp

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bid | Up to 2079/10/13 (27-01-2023) | Office Hour |
| Submission of Bid | Up to 2079/10/15 (29-01-2023) | 12:00 Hrs |
| Opening of Bid | 2079/10/15 (29-01-2023) | 13:00 Hrs |

3. **Information to deposit the cost of bidding document:-**
   **Name of the Bank: Rastriya Banijya Bank, Dhulikhel**
   **Name of Office: Sahari Bikash Tatha Bhawan Karyalaya, Kavre, Dhulikhel,**
   **Office Code no. :3370426013**
   **Office Account no.:1000200010000**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
4. Interested bidders can submit online bids through e-procurement portal http:www.bolpatra.gov.np/egp
5. For all other details, please refer to the complete set of bidding documents at Urban Development and Building Office, Dhulikhel, Kavre Telephone:- +977-011-415142 and email address:- bhawankaryalayakavrepd3@gmail.com or through website **www.bolpatra.gov.np/egp**

**Office Chief**



## कुवेतमा रोजगारको अवसर

कम्पनी: **DARWAZA COMPANY FOR LOGISTICS SERVICES** शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०७/०३ | चलानी नं.: ६०१८९७९३ | LT. No.: 274151 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baku Tractor Driver | 1 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 3. | Building Construction Technician | 4 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 4. | Bulldozer Driver | 1 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 5. | Civil Observer | 5 | 0 | | 170 | ७३,४०२ | | | | | | | |
| 6. | Cnc Mills Technician | 2 | 0 | | 140 | ६०,४४९ | | | | | | | |
| 7. | Concrete Surveyor Technician | 5 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 8. | Crane Driver | 2 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 9. | Decoration Technician | 4 | 0 | | 130 | ५६,१३१ | | | | | | | |
| 10. | Diesel Mechanic Technician | 1 | 0 | | 140 | ६०,४४९ | | | | | | | |
| 11. | Electric Welding Technician | 10 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 12. | Fuel Service Outlet Assistant | 4 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 13. | Furniture Carpenter Technicia | 4 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 14. | Furniture Painter | 3 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 15. | Gear & Heavy Equipment Technician | 1 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 16. | Glider Driver | 2 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 17. | Healthy Works Technician | 1 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 18. | Heavy Equipment & Machinery Mechanic | 2 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 19. | Hydraulic Technician | 1 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 20. | Iron Painter Technician | 10 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 21. | Laboratory Technician | 3 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 22. | Lorry Crane Driver | 2 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 23. | Marine Mechanic Technician | 2 | 0 | | 140 | ६०,४४९ | | | | | | | |
| 24. | Petrol Mechanic Technician | 2 | 0 | | 140 | ६०,४४९ | | | | | | | |
| 25. | Plumbing Technician For Equipment & Machinery | 3 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 26. | Technical Surveyor | 5 | 0 | | 170 | ७३,४०२ | | | | | | | |
| 27. | Technician Building Kerbstone & Interlocking T | 2 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 28. | Technician For Equipment & Machinery | 1 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 29. | Tire Development Technician | 2 | 0 | | 135 | ५८,२९० | | | | | | | |
| 30. | Tractor Driver | 2 | 0 | | 150 | ६४,७६७ | | | | | | | |
| 31. | Truck Driver | 2 | 0 | | 150 | ६४,७६७ | | | | | | | |

२. कम्पनी: **WALLS FOR LIGHT SNACKS CO.** शहर: KUWAIT

पूर्व स्वीकृत मिति:२०७८/०९/२२ | चलानी नं.: ६०१९३९८४ | LT. No.: 255438 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 2 | सम्बन्धित काममा दक्ष | 130 | ५६,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 1 | 0 | | 110 | ४७,४९५ | | | | | | | |
| 3. | Barista | 0 | 1 | | 150 | ६४,७६७ | | | | | | | |

३. कम्पनी: **AROMA ELITE SPA HEALTH INSTITUTE COMPANY** शहर: KUWAIT

पूर्व स्वीकृत मिति:२०७८/०७/२८ | चलानी नं.: ६०१६७४१६ | LT. No.: 250560 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 15 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,७६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Trainer | 5 | 0 | | 130 | ५६,१३१ | | | | | | | |

४. कम्पनी: **MENTI SALON & SPA FOR LADIES** शहर: KUWAIT

पूर्व स्वीकृत मिति:२०७९/०९/११ | चलानी नं.: ६०१९३८९० | LT. No.: 278310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauticians | 0 | 24 | स. काममा दक्ष | 130 | ५६,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३७३/०५९/०६०

**BAIBHAV OVERSEAS PVT. LTD.**
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७, ९८०११०६२६४ Email: baibhav.ovs@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ पुस २०७९, बिहीबार
29 December 2022, Thursday

## सम्पादकीय

# अनुचित सम्झौताको डर

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजनीतिक भेटवार्ता बाक्लो बनाएका छन् । प्रतिनिधिसभाको तेस्रो शक्ति नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको मुख्य ध्यान सकेसम्म संसदमा धेरै बहुमत जुटाउनेतिर देखिएको छ । त्यसका लागि मुख्य सत्ता साझेदार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीदेखि पार्टीभित्रको सम्वादलाई समेत सघन बनाएका छन् । प्रतिनिधिसभामा माओवादी केन्द्रसँग ३२ सिट मात्रै भएकाले पनि प्रधानमन्त्री प्रचण्डको सम्वाद स्वभाविक छ । किनकि राष्ट्रपति कार्यालयमा हस्ताक्षर बुझाउने आफ्नो पक्षमा जुटेको १६९ सिट कायम कायमै राखेर अगाडि बढ्न प्रधानमन्त्री प्रचण्डसँग अरू दलको विश्वास जितिरहनुको अर्को विकल्प छैन । विशेषगरी ७८ सिटसहित सत्तारूढ दलहरू मध्ये सवैभन्दा ठूलो दल एमालेको विश्वास बढी आवश्यक छ । त्यसबाहेक आफूलाई समर्थन गर्नेदेखि नगर्ने नेकपा एकीकृत समाजवादीका नेताहरूसँग समेत प्रचण्डको सम्वाद भइरहेको छ । बुधबार मात्रै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेटवार्ता गरेका छन् ।

आफूसँगै ८ मन्त्रीलाई शपथ गराएका प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने बेलासम्म एकीकृत समाजवादीलाई पनि आफ्नो पक्षमा उभ्याउने प्रयत्न गरिरहेका छन् । एमालेबाट अलग भएर बनेको एकीकृत समाजवादीसँग प्रतिनिधिसभामा १० सिट छ । नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नयाँ सरकार निर्माणका क्रममा एकीकृत समाजवादी छुटेको थियो । अहिले एकीकृत समाजवादी मनाउन प्रधानमन्त्री प्रचण्ड लागिपरेका छन् । यसबाहेक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र नागरिक उन्मुक्तिका नेताहरूसँग पनि प्रधानमन्त्री सम्वादमा छन् । ३ जना स्वतन्त्र सांसदले पनि आफूलाई साथ दिएकाले उनीहरूको पनि कुरा सुन्नुपर्नेछ ।

पार्टीभित्र मन्त्रीका आकांक्षा राख्नेदेखि अन्य दलभित्रको समस्या सुन्ने काम पनि प्रधानमन्त्री प्रचण्डले गर्नुपर्नेछ । २० सिटको रास्वपाका अध्यक्ष रवि लामिछानेलाई गृह मन्त्रालय सहित उपप्रधानमन्त्री दिएका प्रचण्डले बाँकी दलका नेताहरूको आकांक्षा सम्बोधन गर्न सजिलो देखिदैन । अझ सात दल र स्वतन्त्र सांसदको विश्वास कायमै राख्नु गर्ने उनीहरूले राख्ने माग सम्बोधन प्रधानमन्त्री प्रचण्डका निम्ति सजिलो हुनेछैन । अर्कातिर सांसदहरूको विश्वास कायमै राख्न गरिने सम्झौताको असरबारे पनि ध्यान दिइनुपर्नेछ । यसअघिका नजीरले पनि सत्ता जोगाउन गरिने सबै सम्झौता मुलुकका निम्ति हितकार भएको देखिदैन । प्रधानमन्त्री प्रचण्डले बिगतका नजीरबाट सिक्नुपर्नेछ । सत्ता टिकाउनकै निम्ति पूरा नहुने र अनुचित सम्झौता गर्दा त्यसको क्षति मुलुकले भोग्नुपर्नेछ । तसर्थ प्रधानमन्त्री प्रचण्डले सत्ता भन्दा पनि मुलुकको हित र नागरिकको भावना सम्बोधनलाई प्राथमिकतामा राख्नु आवश्यक छ ।

# तीर्थ प्रसङ्ग र गया औंसी

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसपालिको गया औँसी यही पौष ८ गते परेको थियो । धनुर्मास, धन राशिका सूर्य पौष महिना, माछालाई पनि जाडो लाग्ने मीन पचासको समय त हुँदै हो, हामी संसारको उत्तरी गोलार्धमा भएको र हिम शिखरहरु बोकेको देश भएकाले पनि बढी चिसो हुनु स्वाभाविकै हो । हिउँद र फुर्सदिलो समय भएकाले तीर्थाटन, त्यो पनि अलिक न्यानो क्षेत्रतिर जानेको संख्या पनि कम छैन यो समयमा । 'तृ' धातुमा 'थक्' प्रत्यय लाग्दा तीर्थ शब्द बन्छ । तीर्यते अनेन अर्थात् जसबाट तरिन्छ त्यसको नाम तीर्थ हो । तरति पापादिकं यस्मात् अर्थात् जसबाट पापहरुबाट मुक्ति मिल्छ त्यसलाई तीर्थ भनिन्छ र 'अन्यक्षेत्रे कृतं पापं तीर्थक्षेत्रे विनश्यति, तीर्थक्षेत्रे कृतं पापं बज्रलेपो भविष्यति' भन्ने अर्थमा अरुक्षेत्रमा अन्जानमा भएका पाप तीर्थ क्षेत्रबाट नाश हुन्छन् भने तीर्थक्षेत्रमा भएका पाप भने बज्र समान स्थिर भएर रहन्छन् । तीर्थ स्थावर र जंगम गरी दुई प्रकारको हुन्छ । त्यसमा पनि जलको महत्वले तीर्थ हुन्छ भने माटोको महत्वले धाम हुन्छ । धर्तीमा स्थीर रहेर पुण्य प्रदान गरिने क्षेत्र स्थावर हो भने चलायमान क्षेत्र भनौं चलफिर गरी प्राप्त हुने पुण्यलाई जंगम तीर्थ भनिन्छ । शास्त्रको अध्ययन, सत्संग, कथा, पुराण आदि भगवत् नाम संकिर्तनलाई जंगम तीर्थ भनिन्छ । भागवतको विश्राम श्लोकले 'नाम संकिर्तनं यस्य सर्व पाप प्रणाशनम् प्रणामो दुःख शमनं तं नमामि हरिं परम्' भनेको छ । भागवतको आद्य श्लोक भनेको 'सच्चिदानन्दरूपाय विश्वोत्पत्यादिहेतवे तापत्रय विनाशाय श्रीकृष्णाय वयं नुमः' हो । अर्थात् सृष्टि, स्थिति र संहारका प्रतीक, मानिसका तीन किसिमका ताप आध्यात्मिक, आदिदैविक र आधिभौतिक ताप शमन गर्ने श्रीकृष्णलाई नमन र भगवत् नामले जीवका सबै पापहरु नाश हुन्छन् भन्ने यी वाक्यहरुको मर्म हो । त्यसैले महाकविले आर्यघाटमा अन्तिम विश्राम लिँदा भनेः 'आखिर श्रीकृष्ण रहेछ एक न भक्ति भो ज्ञान न भो विवेक' ।



जति प्रयत्न गरे पनि संसारका स्थावर तीर्थ सबै भेट्न सकिन्न, त्यसैले स्कन्द पुराणले भनेको छ 'सत्यतीर्थं क्षमा तीर्थं तीर्थ मिन्द्रियनिग्रहः सर्वभूत दया तीर्थं तीर्थंच प्रियवादिता, ज्ञान तीर्थ तपस्तीर्थं कथितं तीर्थ सप्तकम्' । अर्थात् मानिसको विधि व्यवहार सत्यवादिता, अरूप्रतिको क्षमाभाव, आफ्ना इन्द्रियहरुलाई शमन, सबै प्राणीप्रतिको दया, प्यारो र मिठो वचन, ज्ञान प्राप्ति र वितरण, मन, वचन र कर्मप्रतिको तप यी सात प्रकारका तीर्थ यात्रा जरुरी छ । महाभारतमा भगवन् श्रीकृष्ण युधिष्ठिरलाई भन्नु हुन्छ 'आत्मा नदी संयमपुण्यतीर्थाः सत्योदकाः शीलतटा दयोर्भिः तत्रावगाहं कुरु पाण्डुपुत्र न वारिणा शुद्ध्यति चान्तरात्मा' । अर्थात् आत्मा नदी हो, संयम तीर्थ हो, सत्य जल हो, दया नदीका किनारा हुन्, पानीले मात्र शुद्ध हुने होइन । अन्तरआत्मामा डुबुल्की मार्नु पर्छ, जसरी गोताखोरहरुले समुद्रको मणि लिन सक्छन्, पानीले मात्र शुद्ध हुने भए त जलचरहरुले ठूलो पुण्य कमाउँथे ।

त्यसो त गृहस्थ जीवन आफैं तीर्थक्षेत्र हो र त हाम्रा महाकविले भने 'हाडहरुका सुन्दर खम्बा मांश पिण्डका दिवार, नशा नदीका तरल तरंग मन्दिर आफैं अपार' । माता तीर्थ, पिता तीर्थ, गुरु तीर्थ, भक्त तीर्थ, पति तीर्थ, पत्नी तीर्थ यी सबै तीर्थमा गोता लाउँदा गृहस्थ जीवन आफैंमा तीर्थ बन्छ अर्थात् बुबा आमाको सेवा, गुरूप्रतिको श्रद्धा, भक्तजनको सेवा, पति पत्नी बीचको सामान्जस्यता यी तीर्थ सेवा नै हुन् । त्यसैले स्थावर वा जंगम जुन तीर्थमा पुगे पनि हात, खुट्टाको संयम, मन, बुद्धिको संयम, विद्या र तपको संयम, सन्तोष र उपकार, दम्भ र आहारको संयम, जितेन्द्रियको भाव र व्यवहार, कुभाषण नगर्ने, खराब संगतबाट टाढा रहने, क्रोधको अभाव, मतिले गति निर्धारण गरी सत्यवादी, दृढ निश्चयी भई हर प्राणीप्रतिको दयाले ईश्वरको याद हुने हुन्छ, ईश्वरको याद भनेको गृहस्थको तीर्थको जीवन यापन हो, भनेको घरै तीर्थ हो । नीतिले भनेको छ 'तीर्थानि सर्वाणि बसन्ति तत्र यत्राच्युतोद्दार कथा प्रसँग' । अर्थात् कलिमा स्थावर तीर्थमा प्रदुषण बढ्छ, प्रदुषण भन्नु नै पाप हो त्यसैले तीर्थ त्यहीँ हुन्छ जहाँ भगवत् सेवा, चर्चा, चिन्तन, कथा प्रसंग, लीला अवतार प्रसंग र तिनका नाम जहाँ लिइन्छ त्यहीँ तीर्थ हुन्छ र शास्त्रकारहरुले यसैलाई जंगम तीर्थ भनेका हुन् । हजारौं योजन (एक योजन बराबर चार कोश) टाढाबाट गंगाको नाम लिए पनि सबै किसिमका पाप, कल्मषहरु हट्ने छन् भनिएको छ 'गंगा गंगेति यो ब्रुयात् योजनानां शतैरपि मुच्यते सर्व पापेभ्यः विष्णुलोकं स गच्छिति' । मूल कुरा शास्त्रको भनाइ यन्द्रिय निग्रह हो, नीतिले भनेको छ 'आपदां कथित मार्गमिद्रियाणांमशंयम तज्जयं सुकृतं मार्गं येनेष्टं तेन गम्यताम्' अर्थात् इन्द्रीय अशंयमी हुनु भनेको कुमार्ग र त्यसमाथिको विजय भनेको सुमार्ग हो जुन मन लाग्छ त्यही अप्नाऊ किनभने शास्त्र शस्त्र भएर आउँदैन बाटो मात्रै देखाउँछ ।

माथिका प्रसंगले जीवन र दर्शनप्रतिको यथार्थ चित्रण हुन्छ । मौसम जाडोको छ नदीहरु पनि शुद्ध छैनन् अहिले, कारण नदी बिगार्ने त मानिस नै हो अरु कोही होइन । पौष महिनाको औँसीलाई गया औँसी भन्ने चलन छ । पश्चिमी संस्कृतिमा हुर्केकाहरुले आफू वयस्क भएपछि आफ्ना बाबु-आमाप्रति त्यति चासो राख्ने गरेको पाइँदैन र पैतृक सम्पत्तिमा पनि अनिवार्य प्राप्तिको हक रहँदैन तर, पूर्वी सनातन संस्कृतिमा आफ्ना सन्ततिले बाँचुन्जेल बाबु-आमाप्रति आदर, मृत्युपछि श्राद्ध कार्य र त्यसपछि तीर्थमा श्राद्ध गर्नु पर्ने मान्यता छ । वंश र अंश परम्परामा भारी विश्वास गरिने हाम्रो पूर्वीय संस्कृतिलाई आज संसारका धेरै मानिसले अनुसन्धान गर्न लागेका छन् । यस लोकमा सुख, शान्ति, आनन्द र परलोकमा गतिमुक्तिको विश्वासमा रहेको पूर्वीय जीवन दर्शनको सभ्यता कुनै व्यक्ति विशेषले चलाएको नभई आर्य परम्परा युगौं युगदेखि निर्मित र अविच्छिन्न हुँदै आएको हो ।

दैवी वाक्यका रूपमा लिइने यस पद्धति र परम्परा विश्वकै एक अनुपम र अनुसन्धेय विषय रहेको छ । पितृप्रति गरिने आदर र उनीहरुबाट प्राप्त आशीर्वादको बदला स्वरूप पवित्रक्षेत्रमा तीर्थश्राद्ध गर्ने हाम्रो चलन छ । यसैले तीर्थ, धाम र अन्य दैवीक्षेत्रमा पौषकृष्ण र भाद्र औँशीमा अपार भीड लाग्ने गर्छ । हाम्रो देशका विभिन्न क्षेत्रमा । तीर्थश्राद्ध मध्ये गयाश्राद्ध गर्ने दिनलाई पुस कृष्ण औँशी भनिन्छ । सवैतीर्थका ढोका खुल्ने पनि गोकर्णश्राद्ध पछि नै हो । गोकर्ण, वेत्रावती, काकवेणी वा कोकामा पिण्डदान नगरेसम्म अन्य गया, फल्गु वा कुनै तीर्थ वा धाम क्षेत्रका ढोका नखुल्ने आम शास्त्रीय जन विश्वास अनुरूप यी क्षेत्रहरुले अधीक महत्व पाएका छन् । सप्तगण्डकीका कुनै क्षेत्रमा श्राद्ध गर्नाले पनि पितृ मुक्ति हुन्छन् ।

अघि तारकासुर, त्रिपुरासुर कुलमा जन्मिएको गयासुरले परमेश्वरलाई तपद्वारा खुसी गराउँदा ठूलो दान, पुण्य, तीर्थ, समुद्र र ऋषि महर्षिहरुलाई समेत पवित्र पार्ने क्षमता पाउँ भनी वरदान मागेकोले र आफू सुतेको शिलामा सम्पूर्ण देवताहरु बसून भन्ने समेत वरदान मागेकोले गयासुरले पाएको वरदान र शक्ति अनुरूप गयामा गएर तीर्थश्राद्ध गरेमा आफ्ना सवै पितृहरुको उद्धार हुने विश्वास अद्यापि छँदैछ । गयामा श्राद्ध गरेपछि प्रेतयोनीमा भड्केकाहरु पनि मुक्ति हुने विश्वास रहेको छ । अघि मर्यादापुरुष राम र आदर्श पत्नी सीताले समेत गयाको महत्व बुझी पितृहरुको नाममा श्राद्ध कर्म गरिएका प्रसंग धेरै शास्त्रहरुले मुक्त कण्ठले प्रशंसा गरेका छन् । पद्मपुराण, महाभारत, ब्रह्मवैवर्तपुराण, वाराहपुराण आदिमा तीर्थ श्राद्धको महत्व बताइएको छ भने स्कन्दपुराणमा हिमालयक्षेत्रबाट बग्दै आएकी नदीका सङ्गमहरुमा तीर्थश्राद्धको अधीक पुण्य रहने बताइएको छ । गयामा भने विष्णुपद, अक्षयवट र फल्गुनदीलाई अधीक महत्वले हेरिएको छ । गयाभन्दा पनि प्राचीन स्थल हाम्रो कौशिकी क्षेत्र हो । गयाक्षेत्र वा अन्य प्रसिद्ध तीर्थक्षेत्र जान नसक्नेहरुले घरमै श्राद्ध गर्दा पनि गयाको नामोच्चारण, गीताको पाठ, रामगीता, भागवतको केही श्लोकहरुको अध्ययन गर्नाले पनि गयाश्राद्धको पुण्य मिल्ने कुरामा शास्त्रहरु विश्वस्त छन् ।

चिसै मौसम भए पनि गया औँशीका दिन सके तीर्थ, खोला, जलाशय, सागर आदिमा स्नान गर्नाले जीवनमा अपार पुण्य र आनन्द मिल्छ भने टाढा जान नसक्नेहरुले घरमै स्नान गर्दा पनि तीर्थहरुको नाम, पवित्र नदीको स्मरण, गङ्गा, गायत्री, गाईको स्मरण, मन्त्रोच्चारण र अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्तिका, पुरी, द्वारावती, गोदावरी आदिको स्मरण गर्दै स्नान, सन्ध्या र यथाशक्य दान, पुण्य गर्नाले आफ्नो शरीर पवित्र त हुन्छ नै, मन र धन पनि पवित्र हुने गर्छ । तन शुद्धि स्नानले, धनशुद्धि दानले, मन शुद्धि ध्यानले हुन्छ । तन, मन र धन तीन कुरानै शुद्धि पाउनु आजको प्रतिस्पर्धात्मक समयमा निकै गाह्रो छ । प्रदूषण र खोलानालाहरु फोहोरका डंगुरले भरिएको परिप्रेक्ष्यमा दैवी सम्पदामा रहेका तीर्थ, नदी, क्षेत्रहरुमा जलभण्डार रहन दिने र सफा, सुन्दर र सौन्दर्ययुक्त वातावरण हुने अवस्था भए संसारका अन्य मानिसहरु पनि हामीप्रति आकर्षित हुने थिए ।

> *जति प्रयत्न गरे पनि संसारका स्थावर तीर्थ सबै भेट्न सकिन्न, त्यसैले स्कन्द पुराणले भनेको छ 'सत्यतीर्थं क्षमा तीर्थं तीर्थ मिन्द्रियनिग्रहः सर्वभूत दया तीर्थं तीर्थंच प्रियवादिता, ज्ञान तीर्थ तपस्तीर्थं कथितं तीर्थ सप्तकम्' । अर्थात् मानिसको विधि व्यवहार सत्यवादिता, अरूप्रतिको क्षमाभाव, आफ्ना इन्द्रियहरूलाई शमन, सबै प्राणीप्रतिको दया, प्यारो र मिठो वचन, ज्ञान प्राप्ति र वितरण, मन, वचन र कर्मप्रतिको तप यी सात प्रकारका तीर्थ यात्रा जरूरी छ ।*

## सामाजिक सञ्जाल



**- मानवी पौडेल**

गृह मन्त्रालयले साइरन आतंक बन्द गरोस् ! साइरन जडित मन्त्रीलगायतका गाडीहरू ट्राफिक जाम होस् कि लेन अनुशासन कतै पनि नियम पालना गरेको पाइँदैन । गृह मन्त्रालयले एम्बुलेन्स बाहेक अरू सबै सवारीलाई अनावश्यक साइरन नबजाउने र सर्वसाधारण जसरी ट्राफिक नियमको पालना गर्नैपर्ने नियम लागु होस् ।



**- धुव्रहरि अधिकारी**

पहिलो टीभी अन्तर्वार्ता भारतीय माध्यम एबीपीलाई– हिन्दीमा । नेपाली माध्यम छँदै थियो, चाहिनेले उल्था गरेर लगिहाल्ने थिए । हतारिएर पहिलो भ्रमण दिल्लीतिरै हुन्छ भन्नु आवश्यक थिएन । मनमोहन अधिकारी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पहिले डेनमार्क गएको हो । जनताबीच गलत सन्देश प्रवाह नगर्ने कि ?



**- गणेश विके**

नेपाल स्वतन्त्र पार्टी जसले संघीयता मान्दैन, राप्रपा जसले यो व्यवस्था नै मान्दैन, सिके रावत जसले राष्ट्रियता मान्दैन, नागरिक उन्मुक्ति पार्टी जसले कानून नै मान्दैन, एमाले र माओवादीको कुरै मिल्दैन । त्यही गठबन्धनलाई नयाँ युगको शुरूवात रे ! हरे विद्धान विश्लेषक साथीहरू हेर्दै जाम ।



**- मदन मोहन**

देशका सरकारी क्याम्पसहरू अध्ययन, अनुसन्धान र शैक्षिक गतिविधिको सट्टा अनुशासनबिहीन एवम् नियन्त्रण बाहिर राजनीति द्वन्द्व र कुटपिट र भिड्न्तका केन्द्र बन्दै गरेको दृश्य सामान्य जस्तो हुन थालेको कुरा आजको रत्नराज्य क्याम्पसको खुकुरी युद्धले जाहेर गरेको छ । सम्बन्धित पक्ष सचेत बनोस् !



**- महेश भण्डारी**

भ्रष्टाचारविरोधी दल समृद्धि, सुशासनजस्ता एजेण्डा लागू गर्न सत्तामा पुग्नु झन् जरूरी हुन्छ । लामो काल प्रतिपक्षमा बसेको हुनाले एमाले, एमाले भएको होइन । भरतमोहन अधिकारीको नौ महिने मन्त्री–काल अहिलेको एमाले निर्माणको बलियो जग हो । कल्पना गरौं, त्यो कार्यकाल एमालेसँग हुन्थेन् भने ।

# कांग्रेस राजनीति

व्यंग्यात्मक टिप्पणी



● जयप्रकाश गुप्ता

> *हुनत् त हो, हालैको चुनावले बनाएको अस्थिर संसदमा आजको कांग्रेसले आफ्नो फलिफाप देख्ने अझ धेरै ठाउँ छ । कतिखेर ओलीको आँखा झिम्क्याई बुझेर प्रचण्ड शेरबहादुरकोमा पुग्छन्, उपेन्द्रहरू कतिखेर कसको इशारामा तम्बु परिवर्तन गर्छन्, कसलाई थाहा छ र ? यो खेल त हुँदै आएको हो । यसैले गर्दा, कांग्रेस चिन्ता मान्दैन, शेरबहादुरको सानिध्यता पाएका कुनै कांग्रेसी चिन्तित हुन्नन् ।*

पुरानो कांग्रेसको कुरा नगरौं । त्यो अब फर्किन्न । पछिल्लो कांग्रेसमा 'सत्ता' शब्द मात्रले सदैव दुई वटा अन्तः प्रेरणा दिँदै आएको छ । पहिलो कांग्रेसभित्र गुटको निर्माण गरी त्यससँग टास्सिएर रहने । दोस्रो, पार्टीको सञ्चालन तथा मुलुकमा देखिएका नयाँ-नयाँ जनअपेक्षाहरूको अनदेखा गरी यथास्थितिको निरन्तरता एवम् पक्षपोषण गर्नु । 'सत्ता' शब्दले यो दुई अभिप्रेरणा हालको कांग्रेसलाई दिएको छ ।

अहिले कांग्रेसको हातबाट सत्ता टाढिएको छ । कांग्रेसका धेरै शुभचिन्तकहरू हाल दुःखी जस्तो देखिन्छन् । तर, तिनीहरू दुःखी रहन्नन् । कांग्रेसको केन्द्रीय समितिको अलांकारिक बैठकमा सबैले मनको बह (पेट दुःखेर मुखमा पानी आइरहने एक प्रकारको रोग) पोख्छन् । बैठक अवधिभर शेरबहादुर देउवा घरीघरी चश्मा निकाल्दै सीसा सफा गर्छन्, घरी औलाको औठी अर्को हातको औलाबाट नचाउने छन् । पट्यारलाग्दो कुराहरू तथा सुन्न नचाहेको आलोचना सुन्नै पर्दा यो तरिका उपनाउनुमा उनलाई धैर्यता मिल्दछ । यस्तै समअवस्थामा गणेशमान जी कुर्सीमा बसीबसी निदाउनु हुन्थ्यो । गिरिजा बाबु कुरा सुने जस्तो गर्दै अरू कुरा सोच्नु हुन्थ्यो, फुईफुई चुरोट तान्नु हुन्थ्यो, बोल्नेलाई लाग्द्थ्यो कि मेरा कुरा बडो धैर्यका साथ सुन्नुभयो । मनलाई शान्तिको बाटोमा डोऱ्याउने यस्ता कलाहरू देउवा जीलाई थाहा छ । केन्द्रीय बैठकमा जिब्रो पडकाउदै, आँखी भौंलाई तलमाथि पार्दै बोल्ने सदस्यहरू हलुका हुनेछन् ।

अन्तमा, शेरबहादुर जी पालैपालो गरी सबै तिर हेर्दै भन्नु हुनेछ, "धैर्य राख, गत संसदमा हामी आजको भन्दापनि थोरै संख्यामा थियौं । तर, के कांग्रेसको नेतृत्वमा सरकार बनेन् ? माओवादीले समर्थन मात्र गरेको थिएन, एमाले-माओवादीको एउटै पार्टी थियो । केपी ओली प्रम थिए । लगभग सबै प्रदेशहरूमा उनीहरू कै बहुमत थियो, उन कै मुख्यमन्त्री थिए । तर, बदलियो त सबै, केपी हटे, प्रदेशहरूमा मुख्यमन्त्री, प्रदेश प्रमुखहरू बदलिए । फेरी पनि त्यही हुन्छ । बुझ्नु भो ।" देउवाले यति भन्ना साथ कांग्रेसजनमा अनौठो 'आत्ममुग्घता' देखापर्छ । बैठक सकिन्छ । कांग्रेस पुनः सत्ताको सम्भावना र 'उलाद्दीन' का चिराग राखेका नेता शेरबहादुर प्रति भावविभोर हुन्छन् ।

हुनत् त हो, हालैको चुनावले बनाएको अस्थिर संसदमा आजको कांग्रेसले आफ्नो फलिफाप देख्ने अझ धेरै ठाउँ छ । कतिखेर ओलीको आँखा झिम्क्याई बुझेर प्रचण्ड शेरबहादुरकोमा पुग्छन्, उपेन्द्रहरू कतिखेर कसको इशारामा तम्बु परिवर्तन गर्छन्, कसलाई थाहा छ र ? यो खेल त हुँदै आएको हो । यसैले गर्दा, कांग्रेस चिन्ता मान्दैन, शेरबहादुरको सानिध्यता पाएका कुनै कांग्रेसी चिन्तित हुन्नन् । उनीहरू फेरि पनि कांग्रेसभित्र गुटको निर्माण तथा सम्बर्द्धन गरी त्यससँग टास्सिएर रहन्छन् । उनीहरू पार्टीको सञ्चालन तथा मुलुकमा देखिएका नयाँ-नयाँ जनअपेक्षाहरूको अनदेखा गरी यथास्थितिलाई अविच्छिन्न् निरन्तरता दिन्छन्, पक्षपोषण गर्छन् । शेरबहादुर जीले देखाई दिने 'सत्ता'को सम्भावनाले कांग्रेस अभिप्रेरित हुन्छन् । त्यसमा शेखर पक्ष पनि खुशी हुनेछन् र पो त भन्नु भएको हो, "कांग्रेसको हातबाट सत्ता गएको हो, कांग्रेस कमजोर भएको होइन ।"

***(लेख लेखक गुप्ताको फेसबुक पेजबाट साभार गरिएको हो ।)***

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पारिवारिक कार्य सफल हुन्छ । अनावश्यक जिम्मा लिनु हुँदैन । |
| वृष | : | लामो यात्रा हुनेछ । सबै कार्यमा सावधानी राख्नुहोला । |
| मिथुन | : | नयाँ काम बन्नेछ । राजनैतिक लाभ प्राप्त हुनेछ । |
| कर्कट | : | नाता गोताको सहयोग प्राप्त हुन्छ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | सम्मानमा बृद्धि हुन्छ । तर, बाहिरी सहयोगमा कमी र हने देखिन्छ । |
| कन्या | : | पराक्रममा वृद्धिको योग छ । सामाजिक कार्यमा वृद्धि हुन्छ । |
| तुला | : | नयाँ सम्पर्क बन्नेछ । राजनीतिक सम्बन्धमा मजबूती आउँछ । |
| वृश्चिक | : | नयाँ साथी बन्ने योग छ । नयाँ काम मिल्ने सम्भावना छ । |
| धनु | : | नयाँ कार्यहरूमा सावधानी राख्नुपर्छ । शुभ समाचार प्राप्त हुनेछ । |
| मकर | : | धर्मपालनामा रूची देखिन्छ । आय बढ्नेछ । |
| कुम्भ | : | लामो यात्राको योग । नयाँ काम बन्नेछ । |
| मीन | : | आवश्यक वस्तु गुम हुन सक्छ । सबै कार्य धैर्यतासित गर्नुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

### विद्यार्थी हत्या प्रकरण

# प्रधानाध्यापकसहित दुई जना पक्राउ



**वीरगञ्ज / मस**-कक्षा ८मा अध्ययनरत विद्यार्थीको अपहरण गरी हत्या गरेको अभियोगमा वीरगञ्जको गुरुकुल पन्ना मेमोरियल इङ्लिस बोर्डिङ स्कुलका प्रधानाध्यापकसहित दुई जना पक्राउ परेका छन् ।

वीरगञ्ज महानगरपालिका-२५ खलवाटोला सिर्सियामा सञ्चालित विद्यालयमा अध्ययनरत १४ वर्षीय निरजकुमार दुसादको अपहरण तथा हत्याको अभियोगमा सोही विद्यालयका प्रधानाध्यापक पर्साको धोवनी गाउँपालिका-१ घोडदौर पिपरा निवासी ३० वर्षीय दिलीपकुमार पटेल र उनका सहयोगी वीरगञ्ज-१७ अलौं निवासी २४ वर्षीय कृष्ण भरेन भनिने श्यामप्रसाद पटेललाई प्रहरीले पक्राउ गरेको हो । बुधबार जिल्ला प्रहरी कार्यालयमा अभियुक्तद्वयलाई सर्वजनिक गर्दै प्रहरी उपरीक्षक कोमल शाहले मृतक नीरजका पिता श्रीराम हजार दुसादसँग रु ५० लाख फिरौती लिने उद्देश्यले मंसिर ५ गते बालकको अपहरण गरी पटेल र यादवले हत्या गरेको जानकारी दिए । अपहरणको १२ दिनपछि अर्थात् मंसिर १७ गते मोबाइलबाट नीरजका पितालाई फोन गरी यादवले रु ५० लाख फिरौती माग गरेपछि उक्त नम्बरलाई पच्छ्याउँदै जाँदा पहिले यादव र उनले दिएको जानकारीका आधारमा घटनाका मुख्य योजनाकार पटेल पक्राउ परेका प्रहरीले जनाएको छ ।

पटेल र यादव पक्राउ परेपछि उनीहरूसँग सोधपुछ गर्दा पटेलले दिएको जानकारीका आधारमा पुस १० गते राति शौचालयको ट्याङ्कीबाट नीरजको शव बरामद गरेको उपरीक्षक शाहले जानकारी दिए । उनले पटेल र यादवको आर्थिक अवस्था खराब हुँदै गएको र नीरजका पिता दुसादलाई नेपाल सरकारबाट जग्गाको मुआब्जा बापत लाखौं रकम पाउने जानकारी पाएपछि बालकको अपरहण गरी हत्या गरेको अनुसन्धानबाट खुलेको बताए ।

नीरजलाई प्रधानाध्यापक पटेलले पहिलेदेखि नै चिनेको र उनले बोलाउँदा सहजै भनेको स्थानमा आउने भएकाले उनको अपहरण गर्ने योजना बनाएको पटेलले बयानमा स्वीकार गरेको उपरीक्षक शाहले जानकारी दिए । उनले मंसिर ४ गते विद्यालय छुट्टी भएको दिनै नीरजलाई बोलाउँदा सो दिन नआएको र सोको भोलिपल्ट दिउँसो २ बजे आएपछि उनलाई बन्धक बनाई राख्न खोज्दा नीरज कराउन थाले पनि उनलाई शान्त पार्न घाँटी थिच्दा उनको मृत्यु भएको थियो । आफू बसेको घर अगाडि रहेको शौचालयको ट्याङ्कीमा शवलाई हाली दिएको पटेलले जानकारी दिएपछि प्रहरीले पुस १० गते राति बालकको शव बरामद गर्न सफल भएको बताए । बालकको शव परीक्षणपछि सत्गतका लागि अभिभावकको जिम्मा लगाइएको छ भने घटनामा संलग्न थप एक जना अभियुक्तको खोजीकार्य भइरहेको उपरीक्षक शाहले जानकारी दिए । उनले पक्राउ परेका दुवै जना अभियुक्तमाथि शरीर बन्धक तथा कर्तव्य ज्यान मुद्दा चलाउने तयारी रहेको बताए ।

## सेना र सञ्चार क्षेत्रको भूमिका अन्योन्याश्रितः सेना

**काठमाडौं / मस**-नेपाली सेनाको प्रवक्ताको जिम्मेवारी सहायकरथी कृष्णप्रसाद भण्डारीले बुधबारदेखि सम्हालेका छन् ।

झापा चारआलीस्थित २१ बाहिनीपतिको कार्य जिम्मेवारी पूरा गरेका उनलाई सेनाले सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयको प्रमुखमा ल्याएको हो ।

एक वर्षअघि प्रवक्तामा नियुक्त हुनुभएका निवर्तमान प्रवक्ता नारायण सिल्वालले उनलाई कमाण्ड बरबुझारथ गरी जिम्मेवारी हस्तान्तरण गरे । जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा बुधबार यहाँ आयोजित कार्यक्रममा सेना र सञ्चार क्षेत्रको कार्य जिम्मेवारी फरक भए पनि दुवैको उद्देश्य राष्ट्र र राष्ट्रवासीको कल्याणको खातिर रहेको बताए ।

उनले भने, 'सेना र सञ्चारमाध्यमबीचको सम्बन्ध थप प्रगाढ तुल्याउन र सेनाले गरेका काम कारबाहीलाई समयमै सूचना उपलब्ध गराई उद्देश्यअनुरुप निर्देशनालयले काम गर्दैआएको छ ।'

निवर्तमान प्रवक्ता सिल्वालले राज्यको चौथो अंगका रुपमा रहेको प्रेस जगको निष्पक्ष र वस्तुगत रिपोर्टिङ सेनालाई आफ्नो कर्तव्यपथमा निर्भिक र जिम्मेवार भएर अघि बढ्न तथा संगठनलाई मर्यादा र कर्तव्यबाट विचलित हुन नदिने विश्वास व्यक्त गरे ।

उनले भने, 'सेना र प्रेस कार्य प्रकृतिका हिसाबले भिन्न कार्यक्षेत्र, परिधि, मान्यता र सिद्धान्त भए पनि समृद्ध, अखण्ड र शान्त राष्ट्रनिर्माणका लागि दुवैको भूमिका र जिम्मेवारी अन्योन्याश्रित छ ।' सहायकरथी सिल्वाललाई सेनाले काठमाडौं-तराई-मधेस द्रुतमार्गको अनुगमन तथा समन्वय समितिको अध्यक्षको जिम्मेवारी दिएको छ ।


## मलेसियामा रोजगारको अवसर | कम्पनी : SENG KEE CHAN TRADING (M) SDN. BHD.
शहर : Malaysia,Pulau Pinang

पुर्व स्वीकृत मितिः २०७९/०९/१३ चलानी नं.: ६०१९३९२९ LT. No.: 278320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 48 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १५७/०५६/०५७८
**आशुतोष मेनपावर कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.**
नयाँ बजार, काठमाडौं, नेपाल, फोन : ४३५९१३६, ४३६०४४६

## साउदीमा रोजगार | कम्पनी : SENDAN INTERNATIONAL COMPANY LIMITED
शहर : DAMMAM

पुर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३९०५ L.T. No.: 278416

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolding Erector | 35 | 0 | | 1200 | ४२,२०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ASIAPOWER
Govt Lic No. 1198/073/074
**Asiapower Recruitment Consultants Pvt. Ltd.**
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowernepaljob@gmail.com

## MALAYSIA मा रोजगार | कम्पनी : LEGRAND MANUFACTURING (M) SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०९/११ चलानी नं.: ६०१९३७४८ LT. No.:278207

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 17 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : GMM RESOURCES SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०९/१३ चलानी नं.: ६०१९३९२६ LT. No.:278284

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : ANFI INDUSTRIES SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०९/१३ चलानी नं.: ६०१९३९२५ LT. No.:278283

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : ACELOY SDN. BHD. शहर: JALAN
पूर्व स्वीकृत मिति: २०७९/०९/१३ चलानी नं.: ६०१९३९६२ LT. No.:278382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 13 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ पुष २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
**Liberty H.R. Consultant Pvt. Ltd.**
Mahalaxmisthan-15, lalitpur, Nepal, Tel.: 5191561/5191560, 9841181806
Email- info@libertyhrconsultant.com, Web.: www.libertyhrconsultant.com


Government of Nepal

## National Tea and Coffee Development Board
## NTCDB Tea & Coffee Extension Office

Lalikharka
Phidim, Panchthar

### Letter of Intent

**Date of Notice: 2079/09/14 (29th December, 2022)**

NTCDB Tea & Coffee Extension Office, Lalikharka publishes a Letter of Intent for the following construction works. It is informed to all concerned bidders as per the provision on Public Procurement Act, For further information, visit e-GP portal of PPMO, *www.bolpatra.gov.np/egp.*

| S. N. | Contract ID | Description of Works | Bid Amount (Without VAT, PS) NRs. | Name of Lowest Priced Bidder |
|---|---|---|---|---|
| 1 | NTCDB/PHIDIM/NCB /WORK/1-2079/80 | Construction of Office Building (Chiya Bistar Yojana) | 24,86,600.00 | Sunkoshi Nirman Sewa Pvt Ltd, Charikot, Dolkha, Nepal |

**Act. Project Chief**

## घोडाघोडी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१४**

यस घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०८/२९ मा E-Bidding (www.bolpatra.gov.np/egp) मार्फत र Construction of Motor-able Double Span Bridge Over Doda River joining Ward No 5 and 7 Of Ghodaghodi Municipality (Concract No.NCB/GMUN-WORK/01/079/080) कार्यको वोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्रविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले स्वीकृतिको लागी सिफारीस भई आए बमोजिम, सार्वजनिक खरिद नियमावाली २०६४ (सातौं संशोधन २०७६) को नियम ३१ ङ को उपनियम (५) बमोजिम तपशिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको सुचना सम्बन्धित सवैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | फर्मको नाम | ठेगाना | आर्थिक प्रस्ताव खोलिने स्थान, मिति र समय |
|---|---|---|---|
| 1 | Dhurbatara-Netra JV | Dhangadhi, Kailali, Nepal | मिति २०७९/०९/२१ गते, २:०० बजे घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली |
| 2 | Pushpanjali-J.B. JV | Pahalmanpur-01, kailali | |

**प्रमुख प्रशासकिय अधिकृत**


## मलेसियामा रोजगारको अवसर | कम्पनी: SM BIOMED SDN. BHD.
शहर: Selangor

पूर्व स्वीकृत मितिः २०७९/०७/२९ चलानी नं.: ६०१९१३०७ LT. No.: 275617 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४९८/०६१/०६२
**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.**
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४

## मलेसियामा रोजगार अवसर | कम्पनी : KAWALAN KESELAMATAN IKHLAS SDN.
शहर : Malaysia,KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७९/०९/१३ चलानी नं.: ६०१९३९७१ LT. No.:278251

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २७ गते (11 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०
Mob.:9816935532, 9851337276 Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## साउदीमा रोजगार | १. कम्पनी : NASSQ INTERNATIONAL CONTRACTING COMPANY
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३९७० LT. No.: 278135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee | 25 | 0 | स. काममा दक्ष | 1200 | ४२,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HUI CAFE NINETY TO SERVE DRINKS शहर : JEDDAH
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३९६६ LT. No.:278134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : ABDULAZIZ AL ASMAR BIN SHELIWEH AL-ANZI TRANSPORTATION EST शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३९६४ LT. No.:278013

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : SPEED CHANNELS GENERAL CONTRACTING EST. शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३९६३ LT. No.:278360

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hvac Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Paved | 1 | 0 | | 1200 | ४२,२०४ | | | | | | | |
| 3. | Electric Buildings | 1 | 0 | | 1200 | ४२,२०४ | | | | | | | |
| 4. | Building Worker | 1 | 0 | | 1200 | ४२,२०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147207, 9801147204, 9801147203, 9803215045, 9823236262, 9851140620, 9819247297, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## मलेसियामा रोजगारको अवसर | कम्पनी: ATLAS EDIBLE ICE (MELAKA) SDN.BHD.
शहर: Malaysia,Masjid Tanah,

पूर्व स्वीकृत मितिः २०७९/०९/१३ चलानी नं.: ६०१९३९४१ L.T. No.: 278353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 141/055/056
**AL NASEER OVERSEAS PVT. LTD.**
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## UAE मा वैदेशिक रोजगार | कम्पनी: IMDAAD L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५३७ L.T. No.: 246375 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/janitress | 0 | 26 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/general Labourer | 80 | 0 | | 800 | २८,८०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## मलेसियामा रोजगार | कम्पनी: H.O.T. REE INDUSTRIES (M) SDN BHD
शहर:HUTAN MELINTANG

पूर्व स्वीकृत मितिः २०७९/०५/२० चलानी नं.: ६०१८६९५५ LT. No.:271003 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 21 | 0 | स. काममा दक्ष | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## मलेसियामा रोजगार | १. कम्पनी : YEOH MIN SHOES ENTERPRISE SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९९१९ LT. No.: 230989

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 6 | 0 | स. काममा दक्ष | 1100 | ३२,७६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : CLAYBRICKS & TILES SDN.BHD. शहर: Jalan
पूर्व स्वीकृत मितिः २०७९/०५/२१ चलानी नं.: ६०१८७०६६ LT. No.: 271157

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : PACIFIC OILS & FATS INDUSTRIES SDN BHD
पूर्व स्वीकृत मितिः २०७९/०९/१३ चलानी नं.: ६०१९३९९५ LT. No.: 278380

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
